**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेड**
**नारायणगढ, चितवन**
लेखा परीक्षण नभएको वित्तीय नतिजा
आर्थिक वर्ष २०७३।०७४ को प्रथम त्रैमासमा

| क्र.स. | पूंजी तथा दायित्व | यस त्रैमास २०७३ आश्विन | गत त्रैमास २०७३ आषाढ | गत आ.व. २०७२ आश्विन |
|---|---|---|---|---|
| १ | कूल पूंजी तथा दायित्व | ४,८७८,१६६,२७४।३८ | ४,४५१,३४७,९०६।४८ | ३,७५३,३३९,९२८।८१ |
| १.१ | चुक्ता पूंजी | २५७,९२३,८४५।०० | २५७,९२३,८४५।०० | १७१,९४९,२३०।०० |
| १.२ | जगेडा तथा कोषहरू | ५१२,८६२,६४९।९० | ३३३,३४९,७०९।६९ | ३५४,९९९,९०१।५६ |
| १.३ | ऋणपत्र तथा बण्ड | - | - | - |
| १.४ | सापटी | २,६५८,१९१,६८७।१३ | २,५०८,०७४,२५२।९३ | २,१९९,२८८,६४७।६५ |
| १.५ | निक्षेप दायित्व | *१,२६५,६२५,३००।००* | *१,१६३,४८९,०९५।००* | *९०४,८३२,२२०।००* |
| १.५.१ | समूहगत | १,२६५,६२५,३००।०० | १,१६३,४८९,०९५।०० | ९०४,८३२,२२०।०० |
| १.५.२ | सर्वसाधारण | - | - | - |
| १.६ | आयकर दायित्व | २९,७२०,१९१।०० | - | १८,४९४,००३।०० |
| १.७ | अन्य दायित्व | १५३,८४२,६०१।३५ | १८८,५११,००३।८६ | १०३,७७५,९२६।६० |
| २. | कूल सम्पत्ति | ४,८७८,१६६,२७४।३८ | ४,४५१,३४७,९०६।४८ | ३,७५३,३३९,९२८।८१ |
| २.१ | नगद तथा बैंक मौज्दात | ३२०,४८७,८५१।१८ | ३५८,७४४,०९२।४७ | ४०२,२१९,४५६।०२ |
| २.२ | माग तथा अल्पसूचनामा प्राप्त हुने | - | - | - |
| २.३ | लगानी | २,०१०,०००।०० | १०,०००।०० | १०,०००।०० |
| २.४ | कर्जा तथा सापट | ४,३०५,३८०,६३७।०० | ३,९२८,०९५,८७१।०० | ३,१५२,३६८,२४५।०० |
| २.५ | स्थिर सम्पत्ति | १९,३९२,३६३।५२ | १९,४१८,४४५।३० | १४,८१३,३९२।०८ |
| २.६ | गैर बैंकिङ सम्पत्ति | - | - | - |
| २.७ | अन्य सम्पत्ति | २३०,८९५,४२२।६८ | १४५,०७९,४९७।७१ | १८३,९२८,८३५।७१ |
| ३ | **नाफा नोक्सान हिसाव** | **यस त्रैमास २०७३ आश्विन** | **गत त्रैमास २०७३ आषाढ** | **गत आ.व. २०७२ आश्विन** |
| ३.१ | व्याज आम्दानी | २०१,८६६,३८६।५६ | ६३६,३५५,६४३।०० | १४५,९९२,५८८।०० |
| ३.२ | व्याज खर्च | ४९,७७०,४९८।८७ | १६६,२६८,२०७।५९ | ३५,२१६,६५९।६२ |
| क. | खूद ब्याज आम्दानी | १५२,०९५,८८७।६९ | ४७०,०८७,४३५।४१ | ११०,७७५,९२८।३८ |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | - | - | - |
| ३.४ | अन्य सञ्चालन आम्दानी | १८,४५१,२९३।६६ | ७०,२१७,७२४।५३ | १४,९४८,४४९।५२ |
| ख | कूल सञ्चालन आम्दानी | १७०,५४७,१८१।३५ | ५४०,३०५,१५९।९४ | १२५,७२४,३७७।९० |
| ३.५ | कर्मचारी खर्च | ४५,७४८,७०३।०४ | १६३,२६३,६३०।८३ | ३६,२१७,९४६।४० |
| ३.६ | अन्य सञ्चालन खर्च | १२,००७,६७१।७८ | ४७,९९४,८३४।५० | १०,४५८,७११।५१ |
| ग | नोक्सानी ब्यवस्था अधिको सञ्चालन नाफा | ११२,७९०,८०६।५३ | ३२९,०४६,६९४।६१ | ७९,०४७,७१९।९९ |
| ३.७ | सम्भावित नोसानी व्यवस्था | २२,९३१,१५५।०० | ८०,८१०,३४३।०० | १८,९४४,०३६।०० |
| घ | सञ्चालन नाफा | ८९,८५९,६५१।५३ | २४८,२३६,३५१।६१ | ६०,१०३,६८३।९९ |
| ३.८ | गैर सञ्चालन आम्दानी / खर्च (खुद) | - | - | - |
| ३.९ | सम्भावित नोक्सानी ब्यवस्थाबाट फिर्ता | १९,१०८,५०३।०० | ५४,५६६,७३३।०० | ७,६९४,२३०।०० |
| ङ | नियमित कृयाकलापबाट नाफा | १०८,९६८,१५४।५३ | ३०२,८०३,०८४।६१ | ६७,७९७,९१३।९९ |
| ३.१० | असामान्य कारोवारबाट भएको आम्दानी / खर्च (खूद) | ५,८७८।०० | २२,८९०।०० | १३,४३०।०० |
| च | बोनस र कर अधिको नाफा | १०८,९७४,०३२।५३ | ३०२,८२५,९७४।६१ | ६७,८११,३४३।९९ |
| ३.११ | कर्मचारी बोनस ब्यवस्था | ९,९०६,७३०।०० | २७,५२९,६३४।०० | ६,१६४,६६८।०० |
| ३.१२ | आयकर व्यवस्था | २९,७२०,१९१।०० | ८२,५८८,९०२।०० | १८,४९४,००३।०० |
| छ | खूद नाफा/नोक्सान | ६९,३४७,१११।५३ | १९२,७०७,४३८।६१ | ४३,१५२,६७२।९९ |
| ४ | अनुपातहरू | **यस त्रैमास २०७३ आश्विन** | **गत त्रैमास २०७३ आषाढ** | **गत आ.व. २०७२ आश्विन** |
| ४.१ | पूंजीकोष / जोखिम भारित सम्पत्ति | १७।३७ | १४।९६ | १६।२७ |
| ४.२ | निष्कृय कर्जा/ कूल कर्जा | ०।७४ | ०।८२ | ०।७१ |
| ४.३ | सम्भावित नोसानी ब्यवस्था/ कूल निष्कृय कर्जा | २०१।५५ | १८७।८१ | २१७।३१ |
| ४.५ | पूंजीको लागत | ५।३७ | ५।३१ | ५।३५ |
| ४.६ | निक्षेप कर्जा अनुपात | २८।९६ | २९।१७ | २८।२६ |

**नोटः** सुपरिवेक्षण गर्ने निकाय तथा बाह्य लेखा परिक्षकले थप/घट गर्न निर्देशन दिएमा परिष्कृत वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०६५ नियम २२ उपविनियम (२)संग सम्बन्धित अनुसुची १४ बमोजिमको**
**डिप्रोक्स लघुवित्त विकास बैंक लिमिटेडको आ.व. २०७३/०७४ को प्रथम त्रैमासिक बिवरण**

१. **प्रमुख वित्तीय बिवरण :**

**क. त्रैमासिक अवधिको वासलात, नाफा-नोक्सान हिसाब सम्बन्धी बिवरणः-** यस बैंकको वासलात,नाफा-नोक्सान सम्वन्धि बिवरण यसैसाथ प्रकाशित गरिएको छ।

**ख. न्यूनतम रूपमा प्रमुख वित्तीय अनुपातहरू निम्न बमोजिम रहेको छ ।**

| | | | |
|---|---|---|---|
| प्रति शेयर आम्दानी | रू.२६।८९ | प्रति शेयर नेटवर्थ | रू.२९८।८४ |
| प्रति शेयर बजार मूल्य | रू.२,७६२।०० | प्रति शेयर कुल सम्पतिको मूल्य | रू.१८९१।३२ |
| मूल्य आम्दानी अनुपात | १०२।७३ | तरलता अनुपात | ८।१७ |

२. **व्यवस्थापकीय बिश्लेषण :**

**क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी बिवरणः** कारोवारको बृद्धिसंगै संस्थाको मौज्दात, आम्दानी, र तरलतामा सकारात्मक रूपमा वृद्धि भएको छ।

**ख. आगामी अवधिको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक बिवरण :** बैंकको ब्यवसायिक स्थिति योजना अनुरूप सन्तोषजनक रहेको छ । राष्ट्रिय स्तरको यस लघुबित्त बिकास बैंकले हालसम्म ४७ बटा जिल्लामा ८१ बटा शाखा मार्फत गुणस्तरीय सेवा प्रदान गरिरहेको साथै नयां कार्यक्रम बिस्तार गर्दा लघुबित्त सेवा नपुगेका क्षेत्र तथा जिल्लाहरूलाई प्राथमिकतामा राखी सो अनुरूप कार्य योजना बनाई सेवा विस्तार गर्ने लक्ष्य लिईएको छ । बैंकद्धरा प्रदान गरिने सेवाहरूलाई बिबिधिकरण गर्दै राष्ट्रिय तथा अर्न्तराष्ट्रिय बिप्रेशण सेवा तथा वीमा कम्पनीहरूसंग सहकार्य गर्दै सो सम्वन्धि सेवाहरू विस्तार गर्ने लक्ष्य लिईएको छ । बैंकको आम्दानी तथा तरलता राम्रो रहेको साथै वार्षिक कार्ययोजना अनुरूप कार्यक्रम सञ्चालन भईरहेको छ। यस त्रैमासको अन्त्य सम्ममा बैंकले हासिल गरेको लक्ष्य तथा प्रगती तपसिल अनुसार रहेका छनः-

| बिवरण | यस त्रैमाससम्मको | | यस आ.व.को अन्त्यसम्मको |
|---|---|---|---|
| | लक्ष्य | प्रगती | लक्ष्य |
| कुल सदस्य संख्या | १,२६,५३५ | १,२६,८८२ | १,४८,७७५ |
| लगानीमा रहेको कर्जा | रू.४,३६,८८,९३,०००।०० | रू.४,३७,०४,३२,८७१।०० | रू.५,९०,१७,३९,०००।०० |
| कुल बचत तथा निक्षेप | रू.१,२३,१५,७९,०००।०० | रू.१,२६,५६,२५,३००।०० | रू.१,६४,८२,७६,०००।०० |

**ग.बिगतको अनुभवबाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धि विश्लेषणात्मक बिवरण :** बाणिज्य बैंकहरूले लिने ब्याजदरको उतरचढाब, लघुवित्त संस्थाहरूमा देखिएको कर्जा दोहोरोपना आदि कारणले बैंकलाई असर पर्न सक्ने तथापी बैंकले तय गरेको कार्यनीति तथा ब्यवस्थापनका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन । बैंकले भविष्यमा पनि तात्विक असर पार्न सक्ने घटना वा अबस्था आउन नदिन आबश्यक नीति नियमको तर्जुमा गरि अघि बढ्ने नीति लिएको छ।

३. **कानुनी कारवाही सम्वन्धि बिवरण :**यस त्रैमाससम्ममा यस बैंक तथा यसका सञ्चालकहरू माथि कानुनी कारवाही सम्वन्धि कुनै मुद्दा दायर भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोवार सम्वन्धि बिश्लेषण :**

**क. धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्बन्धमा ब्यवस्थापनको धारणाः** यस बैंक शेयर कारोवार सम्वन्धमा शेयरको खरिदकर्ता र बिक्रेताबिच हुने स्वस्थ्य प्रतिस्पर्धामा बैंकले मूल्यमा असर पर्ने गरी कुनै भूमिका खेलेको छैन । बजारमा शेयरको कारोवार सन्तोषजनक रहेको छ।

**ख. त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम , अन्तिम मूल्य, कारोवार भएको कूल दिन तथा कारोवार संख्याः** यस त्रैमासिक अवधिको शेयरको अधिकतम, न्युनतम, अन्तिम मूल्य, कारोवार भएको कुल दिन र कारोवार संख्या निम्न बमोजिम छः- ( नेपाल स्टक एक्सचेन्जको वेभसाईटमा आधारित)

| अधिकतम मूल्य : | न्युनतम मूल्य : | अन्तिम मूल्य : | कारोवार भएको कुल दिन | कारोवार भएको कुल संख्या |
|---|---|---|---|---|
| रू.३,३८० | रू.२,७५० | रू.२,७६२ | ५४ | ८३,५६३ |

५. **समस्या र चुनौती :**

**क.** संख्यात्मक रूपमा बृद्धि भएको वित्तीय संस्थाहरूको शाखा बिस्तारले लघुवित्त क्षेत्रमा अस्वस्थ प्रतिस्पर्धा ।

**ख.** प्राकृतिक बिपत्ति (भुकम्प तथा बाढी पहिरो ) बाट सृजना हुने चुनौती ।

**ग.** देशमा हुने राजनिति वातावरण, आर्थिक व्यावसाय मन्दी आदीले ल्याउने चुनौती ।

६. **संस्थागत सुशासनः** बैंकको संस्थागत सुशासनका लागि कम्पनीको संचालक समिति, लेखापरीक्षण समिति, जोखिम ब्यवस्थापन समिति कर्मचारी सेवा सुविधा समिति लगायत बिभिन्न आन्तरिक समिति तथा उप-समिति मार्फत कम्पनीको ब्यावसायिक योजना तथा कार्यक्रमको नीति तर्जुमा गरी सोही बमोजिम कार्य सम्पादन हुदै आईरहेको छ । बैंकका सञ्चालक र कर्मचारीहरू नेपाल राष्ट्र बैंकले, बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको संस्थागत सुशासन सम्वन्धि निर्देशनहरू पालना गर्न सदैव प्रतिवद्ध रही कार्य गरिरहेका छन् ।

७. **सत्य तथ्यताको सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषणः** आजको मितिसम्ममा यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा बिवरणहरूको शुद्धता सम्वन्धमा म ब्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोषण गर्दछु की मैले जाने बुझे तथा जानकार भएसम्म यस प्रतिवेदनमा उल्लेखित बिबरणहरू सत्य, तथ्य र पूर्ण भएको साथै लगानीकर्ताहरूलाई सुसूचित भई निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।